# कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड को
# पाँचौ वार्षिक साधारण सभामा संचालक समितिका तर्फबाट
# अध्यक्ष श्री सिद्धिमान बस्न्यातद्धारा प्रस्तुत
# पाँचौ वार्षिक प्रतिवेदन

शेयरधनी महानुभावहरू,

यस संस्थाको पांचौं वार्षिक साधारण सभामा यहांहरूको उपस्थितीका लागी संचालक समिति र म आफ्नो तर्फवाट समेत हार्दिक स्वागत गर्दछु ।

प्रस्तुत प्रतिबेदन सहितको आर्थिक बर्ष २०६६।०६७ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण यहांहरूलाई पठाईएको तथा यस संस्थाको **Web Site** मा समेत राखिएको हुनाले सोमा यहांहरूवाट आवश्यक अध्ययन भएकै छ भन्ने ठानेको छु । यहांहरूको जानकारी तथा अनुमोदनार्थ पूनः प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## क) विगत वर्षको कारोवारको सिंहावलोकन :

शेयरधनी महानुभावहरू,

यस वित्तीय संस्थाले संचालनको दोश्रो बर्ष देखि मुनाफा आर्जन गर्न सफल रहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरणको नियमित रूपमा बिश्लेषण गरी उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग गर्दै संस्थाको कारोवार लाई बृद्धि गरी गुणस्तरीय सेवा का साथ मुनाफा अधिकतम गर्ने उद्देश्य अनुरूप गत आ.ब.मा वित्तीय संस्थाको निक्षेप रू. ४७ करोड ४४ लाख ६४ हजार रहेकोमा प्रतिबेदनको बर्षमा रू. १ अर्ब २ करोड २३ लाख ५३ हजार पुगेको छ । यसैगरी गत आ.ब.मा कुल कर्जा लगानी रू. ५७ करोड १३ लाख ७४ हजार रहेकोमा यस बर्ष रू. ९१ करोड २६ लाख १७ हजार पुगेको छ । त्यस्तै संस्थाले गत बर्ष रू.१ करोड २१ लाख ५ हजार संचालन मुनाफा आर्जन गरेकोमा समिक्षा बर्षमा तरलतामा संकुचन, बचत व्याजदरमा बृद्धि लगायतको अन्य चुनौतीपुर्ण वातावरण र शाखा बिस्तारमा गरीएको लगानीका कारणले गर्दा पनि रू. ९९ लाख ३८ हजार संचालन मुनाफा आर्जन गर्न सक्षम भएको छ ।

## बिगतका पांच आर्थिक बर्षको कारोबारको तुलनात्मक बित्तीय स्थिति निम्न बमोजिम रहेको छ :

रकम रू. हजारमा

| शिर्षक | आ.ब. २०६२/६३ | आ.व २०६३/६४ | आ.ब. २०६४/६५ | आ.ब. २०६५/६६ | आ.ब. २०६६/६७ | बृद्धि% (गत बर्षको दाजोमा) |
|---|---|---|---|---|---|---|
| कर्जा | ९७६,६९ | २५,६४,५७ | ३५,८६,५६ | ५७,१३,७४ | ९१,२६,१७ | ५९.७२ |
| निक्षेप | १२,६५,७९ | ३२३,४१४ | ३५१८१२ | ४७,४४,६४ | १,०२,२३,५३ | ११५.४७ |
| ब्याज खर्च | १७,१९ | २,७१,९१ | ३,३३,४९ | ४,०९,१७ | ८,०४,२५ | ९६.५५ |
| ब्याज आर्जन | १३,५५ | ३,८५,६२ | ४,८६,६२ | ६,२६,१३ | ११,८९,८० | ९०.०२ |
| संचालन मुनाफा | (३७,७८) | ४८,०६ | ७३,६१ | १,२१,०५ | ९९,३९ | (१७.८९) |
| खुद मुनाफा | (३७,७८) | ४१,९३ | ४६९९ | ७२,२१ | ५७,२० | (२०.७८) |

## ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट वित्तीय संस्थाको कारोबारलाई परेको असर :

शेयरधनी महानुभाबहरू ,

विगतमाभैं प्रस्तुत आ.ब.मा पनि अस्थिर आर्थिक तथा अन्यौल राजनैतीक बाताबरणको कारणले गर्दा राष्ट्रिय अर्थतन्त्रले उल्लेखनिय बृद्धि हासिल गर्न सकेन । देशको अस्थिर वाताबरणले गर्दा उद्योग ब्यापार संचालनमा परेको प्रभाब ले गर्दा बित्तीय संस्थाहरूको कारोबार र प्रतिफल आर्जनमा समेत नकारात्मक असर परि रहेको ब्यहोरा यहांहरूलाइ पनि बिदितैछ । यसका साथै आयातमा बृद्धि, निर्यातमा ह्रास र लगानी मैत्री वातावरणको अभावले गर्दा पुंजी पलायन तथा उपयुक्त अवसरको कमिले गर्दा देशका सक्षम जनशक्ति बाहिरीने क्रम बढदो रहेको, दोहोरो अंकको मुद्रास्फीतिदर र अर्थतन्त्रका संयन्त्रहरूले अपेक्षा गरे बमोजिमको कार्य गर्न उपयुक्त वातावरण सृजना नहुनु आदि जस्ता कारणले गर्दा बैकिङ क्षेत्रको कृयाकलाप समेत प्रभावित रहयो । यिनै कारणहरूले गर्दा आर्थिक बर्ष २०६५/०६६ मा ३.९ प्रतिशत रहेको आर्थिक बृद्धि दर आर्थिक बर्ष २०६६/०६७ मा ३.५ प्रतिशत मा सिमित रहयो । सो को असर हामीमा पनि परेकै छ ।

विश्व अर्थतन्त्र आर्थिक मन्दीको चरणबाट पुनरूत्थान तर्फ अग्रसरहेकोले लगानीकर्ताहरूमा आत्माविश्वास सुदृढ बन्दै गएको र यसबाट आन्तरीक तथा बाह्य मागमा समेत बृद्धि हुंदै आएको छ । सन् २००९ मा ०.६ प्रतिशतले संकुचित भएको बिश्व अर्थतन्त्र सन् २०१० मा ४.६ प्रतिशत र सन् २०११ मा ४.३ प्रतिशतले बिस्तार हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ । विश्व अर्थतन्त्रमा पुनरूत्थान क्रम संगैं अधिकांश देशहरूमा न्युन स्तरमा पुगेको मुद्रास्फीतिदर बढ्ने क्रममा रहेको र बेरोजगारी दर र सरकारी वित्त घाटा समेत उच्च स्तरमा रहेकोले विश्व अर्थतन्त्र पुर्ण रूपमा पुनर्उत्थान हुन भने चुनौती र जोखिमहरू कायमै रहेको देखिन्छ । यस बाट नेपालको अर्थतन्त्र तथा वित्त बजारमा समेत प्रभाव परेको छ भने विश्व अर्थतन्त्रमा हुने परिवर्तनबाट चालु आ.व. मा पनि नेपालको अर्थतन्त्र प्रभावित रहने कुरा हामी नकार्न सक्दैनौ । त्यसै गरी बैंक र वित्तीय संस्थाहरूको संख्यात्मक बृद्धिले वित्तीय कारोवार झनझन प्रतिस्पर्धात्मक हुंदै गएको अवस्था एकातिर छ भने तरलताको अभावले गर्दा निक्षेप र कर्जाको व्याजदर अन्तर न्यून भई वित्तीय संस्थाको प्रतिफल अनुपातमा समेत असरपरेको हुंदा आशातित प्रतिफल आर्जन गर्न असहज स्थीती रहेको याहांहरूलाई बिधितै छ । यस्तो अवस्थामा पनि प्रतिफल आर्जन गरी नगद लाभांश दिन सक्षम भएका छौं, यो याहांहरूको सहयोगको परिणाम हो भन्ने ठानेका छौं ।

शेयरधनी महानुभाबहरू,

एकातिर बिश्व अर्थतन्त्रबाट पर्ने प्रभाव छ भने अर्कोतर्फ नेपालको वित्तीय बजारमा हरेक क्षेत्रको बढदो प्रतिस्पर्धा, अस्थिर राजनैतिक वातावरण तथा ठोस दीर्घकालिन सरकारी निति तथा कार्यक्रमको अभाव, उपयुक्त दीर्घकालिन लगानीको क्षेत्रको अभाव, नेपाली अर्थतन्त्रमा देखिएको तरलता संकुचन तथा वचतको व्याजदरमा भएको बृद्धि ले वित्तीय क्षेत्रमा थप चुनौतीहरू सृजना गरेको छ ।

विश्व अर्थतन्त्रमा हुने परिवर्तनबाट नेपालमा पर्ने प्रभाब तथा देश भित्रका आन्तरीक वातावरणबाट वित्तीय संस्थालाई उपलब्ध हुने अवसर तथा चुनौतिहरूको नियमित रूपमा अध्ययन तथा विश्लेषण गरी संस्थाको ख्याति बृद्धि गदै दिर्घकालिन बिकास तर्फ अग्रसर गराउन समयानुकुल हुने गरि नयां रणनितिको तर्जुमा तथा संसोधन गरिने छ र प्रतिफल आर्जनको स्थीती निरन्तर पार्न याहांहरूको संचालक समीती र व्यवस्थापन कृयासील रहनेछ ।

**ग) प्रतिबेदन को मितिसम्म चालू बर्षको उपलब्धी र भविष्यका सम्बन्धमा संचालक समितिको धारणाः**

शेयरधनी महानुभाबहरू,

चालु आ.व. २०६७/०६८ को मंसीर मसान्त सम्ममा यस बित्तीय संस्थाले निक्षेप रू. १ अर्ब ३ करोड ७९ लाख ४६ हजार संकलन र कर्जा तर्फ रू.१ अर्ब १२ करोड ८७ लाख ४१ हजार लगानी गरेको छ । देशको अस्थिर राजनैतिक वातावरणले गर्दा औद्योगीक तथा उत्पादन क्षेत्रमा देखिएको सुस्तता, आयातमा भएको बृद्धि तथा निर्यातमा आएको ह्रास तथा लगानी मैत्रि वातावरणको अभावले गर्दा तरतलतामा आएको संकुचन जस्ता कारणहरूले गर्दा यथेष्ठ लगानीको वातावरण तथा उपयुक्त लगानीको क्षेत्र उपलब्ध हुन सकेको छैन । यसबाट चालु आ.व. मा समेत वित्तीय संस्थाको कृयाकलाप तथा अपेक्षा गरे बमोजिमको मुनाफा आर्जन तथा सेवा बिस्तारमा प्रभाव पर्ने देखिन्छ । यस सन्दर्भमा संचालक समिती तथा व्यवस्थापनले आन्तरीक स्रोत र साधनको उच्चतम विन्दु सम्म परिचालन गरी संस्थालाई आन्तरीक रूपमा सबल बनाउने तथा बजार मागको बिश्लेषण गरी सेवामा बृद्धि तथा बिस्तार गर्नुपर्ने महसुस हामीले गरेका छौं ।

बिगतका बार्षिक साधारण सभाहरूमामा याहांहरूले दिनु भएको सल्लाह तथा सुझाव बमोजिम हामिले बचत योजना तथा सेवामा बिस्तार गर्दै आएका छौं र भबिष्यमा समेत याहांहरूको अमुल्य सल्लाह तथा सुझाबहरूलाई बिशेष ग्राह्तता दिई कार्य गर्दै जाने व्यहोरा अवगत गराउदछौं ।

**विगतका योजनामा भएको उपलब्धि, भावी योजना तथा कार्यक्रमहरू :**

शेयरधनी महानुभावहरू,

- नेपाल राष्ट्र बैंकको नयां नीतिगत व्यवस्था र वित्तीय संस्थालाई पूजी वृद्धि गर्न तोकिएको समय सिमा समेतलाई विचार गरी वित्तीय संस्थाको पूंजीगत अनुपात वृद्धि गर्न चौंथो बार्षिक साधारण सभाको निर्णयानुसार हकप्रद १:१ को अनुपातमा शेयर जारी गरी कम्पनीको कुल चुक्ता पूंजी रू. ३० करोड पुऱ्याउन आवश्यक प्रकृया अगाडी बढाइसकिएको छ भने सो हकप्रद शेयरमा मिलान हुने गरी संथापकहरूबाट रू. २ करोड ५२ लाख २५ हजार पेश्कीको रूपमा अग्रीम पुंजी समेत संकलन गरी सकिएको छ ।
- बिप्रेषण सेवा बिस्तारको योजनालाई निरन्तरता दिंदै विभिन्न विप्रेषण सेवा प्रदान गर्ने कम्पनीहरू संग आबद्ध भई कार्य गर्दै आइरहेका छौं । यसै गरी गैर पुंजीगत कृयाकलापलाई जारीनै राख्ने छौं ।
- आर्थिक बर्ष २०६६/०६७ मा पोखराको चिप्लेढुंगा, ललितपुरको कुमारीपाटी, झापाको बिर्तामोड र काठमाडौंको कमलपोखरीमा गरी थप ४ शाखा विस्तार गरी कुल शाखा संख्या ६ पुगेको छ । चौथो बार्षिक साधारण सभाको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृती लिई यस संस्थाको पुतलीसडक स्थित तत्कालिन प्रधान (रजिष्टर्ड) कार्यालयलाई शाखा कार्यालय कायम गरी काठमाण्डौं ३३, कमलपोखरीमा रहेको शाखा कार्यालयलाई मुख्य शाखा कायम गराई प्रधान (रजिष्टर्ड) कार्यालय काठमाण्डौं ३३, कमलपोखरीमा स्थानान्तरण गरीएको छ । भविष्यमा भौगोलिक तथा आर्थिक विश्लेषण गरी संभाव्य स्थानहरूमा शाखा बिस्तार गर्ने योजना रहेको छ ।
- ग्राहकहरूलाई आधुनिक बैंकिङ सुविधा प्रदान गर्ने योजना अनुरूप ATM, ABB, SMS Banking जस्ता सुविधा प्रदान गर्दै आएको छौं । भविष्यमा समयानुकुल हुने गरी थप ATM तथा अन्य आधुनिक सुविधा प्रदान गर्ने योजना रहेको छ ।

**३) औद्योगीक तथा ब्याबसायिक सम्बन्धः**

शेयरधनी महानुभाबहरू,

वित्तीय संस्थाले आफ्नो कारोबार अभिबृद्धि संगसंगैं सो संग सम्बन्धित निकायहरू, संस्थाका ग्राहकहरू औद्योगीक प्रतिष्ठानहरू तथा विभिन्न संघ संस्थासंगको आफ्नो सम्वन्धलाई अझ सुमधुर पार्ने प्रयास गर्दै आएको छ । संस्थाले सामाजिक उत्तरदायित्वलाई निर्वाह गर्न विभिन्न मुनाफा आर्जन नगर्ने सेवा मुलक संस्थाहरू संग सहकार्य गर्दे आएको छ । साथै आगामी दिनहरूमा पनि वित्तीय संस्थाको औद्योगीक, ब्याबसायीक तथा सामाजिक सम्बन्ध लाई अझ जोडदिई सम्बन्ध बढी विस्तृत तथा प्रगाढ हुने अपेक्षा गरेका छौ ।

**ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारणः**

शेयरधनी महानुभाबहरू,

चालु आर्थिक बर्षमा आफ्नो कार्य व्यस्थताका कारण संस्थापक शेयरधनी समुहका संचालक श्री धिरेन्द्र प्रधानज्यू र सर्व साधारण शेयरधनी तर्फका संचालक श्री सुधिर बस्न्यातज्यूले पेश गर्नु भएको राजिनामा संचालक समितिले स्वीकृत गरेको व्यहोरा अनुरोध छ । उहांहरूको राजिनामा बाट रिक्त भएको सर्व साधारण समुहको संचालक पदमा संचालक समितिलो श्री शक्ति थापा लाई बांकी कार्यकालका लागी नियुक्त गरेको व्यहोरा जानकारी गराउंदछु । साथै सो याहांहरूबाट अनुमोदन हुनेनैछ भन्ने अपेक्षा गर्दछु । संचालक समितिमा रहि अमूल्य योगदान दिनुहुने पुर्व संचालकहरू प्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछौ ।

च) कारोबारलाई असर पार्ने मुख्य कुराहरूः

शेयरधनी महानुभबहरू,

देशमा कायम रहेको राजनीतिक अस्थिरता, औद्योगिक असुरक्षा अप्रभावकारी नीति-योजना, उच्च मुद्रास्फीति, तरलतामा देखिएको सकुंचन, पूंजी बजारमा देखिएको निराशाजनक वातावरण को साथै कमजोर सुरक्षा ब्यवस्थाका कारण आर्थिक कृयाकलापहरूमा संकुचन आएको साथै बैक तथा वित्तीय संस्थाहरू बिचको उच्च प्रतिस्पर्धा जस्ता चुनौतिको सामना गर्नुपर्ने अबस्था रहेको छ । उल्लेखित चुनौतिहरूलाई सामना गर्दे उपलब्ध अबसर र आन्तरीक साधन स्रोतको उच्चतम उपयोग गरी कारोबार गर्दै प्रतिफल आर्जनलाइ निरन्तरता दिने तर्फ हामी कृयासिल रहेका छौ ।

छ) लेखापरिक्षण प्रतिवेदनको कैफियत उपर संचालक समितीको प्रतिक्रियाः

शेयरधनी महानुभावहरू,

लेखापरिक्षकले लेखापरिक्षण प्रतिबेदन दिंदा औल्याएका सुझाव सम्बन्धमा लिखित प्रतिकृया दिएका छौ । सो मा संतुष्टभै लेखापरिक्षकले सँलग्न अन्तिम प्रतिबेदन दिनुभएको ब्यहोरा जानकारी गराउदंछौं ।

ज) <u>मुनाफा बाडफाड :</u>

शेयरधनी महानुभाबहरू,

समिक्षा बर्षमा कुल आम्दानी रू ९९ लाख ३८ हजार भएकोमा सो मध्ये प्रचलित बोनस ऐन बमोजिम कर्मचारी वोनस बापत रू. ९ लाख ३ हजार, आयकर वापत (स्थगन करको हिसाब मिलान समेत) रू. ३३ लाख १५ हजार ब्यबस्था पश्चात कायम हुन आएको खुद मुनाफा ५७ लाख २० हजार बाट साधारण जगेडा कोषमा रू ११ लाख ४४ हजार र स्थगन कर जगेडा कोषमा रू.४३ हजार व्यवस्था गरी बांकी रकम रू. ४५ लाख ३२ हजार संचित नाफा नोक्सान हिसाबमा सारेका छौं । र समिक्षा बर्षको नाफा नोक्सान बांडफांड पश्चात संचित नाफा नोक्सान हिसाबमा रहेको रू. १करोड ४० लाख २५ हजार रकम बाट कुल रू. ७५ लाख रकम (चुक्ता पुंजीको ५ प्रतिशत) नगद लाभांश वितरणको लागि खर्च लेखि लाभांश व्यवस्था गरेका छौं । सो यहांहरूबाट अनुमोदन हुनेनैछ भन्ने अपेक्षा लिएका छौ ।

## अनुसुचि (क)

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत संस्थाले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी वित्तीय संस्थाले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरण:**

यस संस्थाको प्रतिवेदनको मितिसम्म कुनै शेयर जफत भएको छैन ।

**ञ) विगत आर्थिक वर्षमा वित्तीय संस्था र यसको सहायक वित्तीय संस्थाको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पूनरावलोकन:** बित्तीय संस्थाको कारोबारको प्रगति माथी उल्लेख गरिए बमोजिम रहेको र यस वित्तीय संस्थाको सहायक कम्पनी नरहेको ।

**ट) वित्तीय संस्था तथा त्यसको सहायक वित्तीय संस्थाले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमूख कारोवारहरू र सो अवधिमा संस्थाको कारोवारमा आएको कूनै महत्वपूर्ण परिवर्तन** : यस संस्थाको कारोबारको बिबरण माथी उल्लेख गरिएको र सहायक संस्था नरहेको ।

**ठ) विगत आर्थिक वर्षमा वित्तीय संस्थाको आधारभूत शेयरधनीले वित्तीय संस्थालाई उपलव्ध गराएको जानकारी** : नभएको ।

**ड) विगत आर्थिक वर्षमा वित्तीय संस्थाका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र वित्तीय संस्थाको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्वन्धमा निजहरूवाट कम्पनीले प्राप्त गरेको जानकारी:**
वित्तीय संस्थाको संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण निम्न बमोजिम रहेको छ । शेयर कारोवारमा निजहरूको संलग्न रहेको जानकारी प्राप्त नभएको ।

| क्र.सं | नाम | पद | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री सिद्धिमान बस्न्यात | अध्यक्ष | ३,००० |
| २. | श्रीमती सरला शर्मा, | संचालक | ३,००० |
| ३. | श्री घिरेन्द्र प्रसाद प्रधान | संचालक | ८२,५०० |
| ४. | श्री रबिन्द्र बहादुर बुढाथोकी | संचालक | ८२,५०० |
| ५. | श्री सुधिर बस्न्यात | संचालक | ८४० |
| ६. | श्री गणेश चन्द्र बानिया | संचालक | १६५० |
| ७. | श्री राजेश श्रेष्ठ | संचालक | ४५० |
| ८. | श्री मुकुन्दनाथ ढुंगेल | बिशेषज्ञ संचालक | ० |

**ढ) विगत आर्थिक वर्षमा वित्तीय संस्थासंग सम्वन्धित सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको वारेमा उपलब्ध गराएको जानकारीको व्यहोरा** : छैन ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत वित्तीय संस्थाले भूक्तानी गरेको रकम** : यस वित्तीय संस्थाको शेयर वित्तीय संस्था आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणालि भए वा नभएको र भएको भए सोको विस्तृत विवरण** :
आन्तरिक नियन्त्रणका लागी आबश्यक बिनियमहरू रहेको, आन्तरिक लेखापरिक्षण हुने ब्यबस्था रहेको,लेखापरिक्षण समिति कृयाशिल रहेको अबस्था छ ।

**थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण** :

- कर्मचारी खर्च — रू. ९७,४८,११२।५३
- कार्यालय संचालन खर्च — रू. २,८४,९६,५४७।९६

**द) लेखापरिक्षण समितीका सदस्यहरूको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सूविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितीले कुनै सुझाव दिएको भए सोको विवरण ।**

लेखापरिक्षण समितीमा संचालक सि.ए. श्री गणेशचन्द्र बानियाको संयोजकत्वमा संचालक श्री राजेश श्रेष्ठ सदस्य र बरिष्ठ सहायक श्री उमा दंगाल (फुंयाल) सदस्य सचिब रहेको ३ सदस्यीय लेखापरिक्षण समिती रहेको छ । लेखापरिक्षण समितिमा रहि कार्य गरे बापत संयोजकलाई प्रति बैठक भक्ता रू. २५००।– र सदस्य लाई प्रति बैठक भक्ता रू. २००० दिने व्यवस्था गरिएको छ । सो समितीले लेखापरिक्षकले दिएको प्रतिवेदन उपर दफावार अध्ययन गरी संचालक समितीलाई सुझाव र व्यवस्थापनलाई निर्देशन दिनुका अतिरिक्त संस्थाको आर्थिक अवस्था, बजेट कार्यान्वयन आदि बिषयहरूमा व्यवस्थापनलाई सजग गराउने गरेको छ ।

**ध) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, वित्तीय संस्थाका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म,संस्था वा संगठित संस्थाले वित्तीय संस्थालाई कुनै रकम वुझाउन बाकी भए सो कुराः**

यस वित्तीय संस्थाको कुनैपनि पदाधिकारी, शेयरधनी वा निजको नातेदार वा निज संलग्न रहेको फर्म, वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थालाई कुनैपनि रकम वुझाउन वांकी रहेको छैन ।

**न) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः**

| **पद** | **बैठक भत्ता प्रति बैठक रू.** | **मासिक टेलिफोन तथा मोवाइल सुविधा रू.** |
|---|---|---|
| अध्यक्ष | २५००/ | १७००/ |
| सञ्चालक | २०००/ | १२००/ |

लेखापरिक्षक (बाह्य तथा आन्तरिक समेत ) : रू. १,०९,५५०/-
महाप्रवन्धक : मासिक तलव रू. १,२०,०००/-

(क) महाप्रवन्धकको कुल बार्षिक तलव, भत्ता रू. १६,८०,०००/-
(ख) महाप्रवन्धकलाई यस आ.व. मा प्रदान गरीएको कार्य सम्पादनमा आधारित पारिश्रमिक रू. ......
१. कर्मचारी बोनस - छैन ।
२. प्रचलित व्यवस्था अनुसारको सुविधा
सुविधा संस्थाको कर्मचारी सेवा विनियमावली, अन्य विनीयमावली तथा संचालक समितिको निर्णय बमोजिम ।
(ग) अन्य सुविधा
१. टेलिफोन/मोबायल सुबिधा : खर्च विल बमोजिम
२. पत्रपत्रीका सुविधा रू. ९,०००/-
३. ...............
४. ...............
(घ) यस आ.व. को कूल कर्मचारी खर्च रू. ९७,४८,११२/५३

प) शेयरधनीले वुभि्कलिन वांकी रहेको लाभांसको रकम : छैन
फ) दफा १४१ वमोजिम सम्पत्ती खरिद वा विक्री गरेको कुराको विवरणः
सम्पतीको विवरण लेखा परिक्षीत वासलात नाफा-नोक्सान हिसावमा उल्लेख भए बमोजीम रहेको ।
अन्य अचल जायजेथा खरिद भएको छैन ।
ब) दफा १७५ वमोजिम सम्वद्ध वित्तीय संस्थावीच भएको कारोवारको विवरणः छैन ।
भ) ऐन तथा प्रचलित कानून वमोजिम संचालक समितीको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा छैनन् ।
म) अन्य आवश्यक कुराहरूः

**१. लेखापरिक्षक नियुक्ति सिफारिस सम्बन्धमा :**
चालु आ.व.२०६७/०६८ को बाह्य लेखा परिक्षण कार्यको लागि नेपाल राष्ट्र बैंक तथा नेपाल चार्टड एकाउन्टेन्ट संस्था (ICAN) को स्वीकृत लेखापरिक्षकहरूको सुचीमा रहेका श्री गोपाल कुमार श्रेष्ठको नियुक्तीको लागि लेखापरीक्षण कमिटीले सिफारिस गरीएको छ । यस सम्बन्धमा यहाँहरूबाट आवश्यक अनुमोदन हुनेछ भन्ने अपेक्षा राखेको छु ।

२. भत्ता पुनरावलोकनका लागी नियमावली संसोधन विशेष प्रस्ताव सम्वन्धमाः
संचालकहरूको भत्ता र सुबिधा निर्धारण गरी बृद्धि गर्न नियमावलीमा संलग्न बमोजीम संसोधन गर्न प्रस्ताब गरीएको छ सो याहाँहरूबाट स्वीकृत हुनेनैछ ।

३. मानव संशाधन व्यवस्थापन :
वित्तीय संस्थाको आन्तरीक सबलताको बृद्धि गर्न तथा कार्य प्रणालीलाई छिटो छरितो चुस्त दुरूस्त र अझ प्रभावकारी बनाउन ,दक्ष र अनुभवी सक्षम नेतृत्व जनशक्ति तयार गर्न संस्थामा आबद्ध जनशक्तिहरूलाई विभिन्न प्रशिक्षणहरू प्रदान गर्ने तथा तालिममा सहभागि गराउने गरिएको छ । साथै आगामी दिनहरूमा यस कार्यलाई निरन्तरता दिई समयानुसार जनशक्तिको विकाश गर्दै लगिनेछ ।

४. व्यवस्थापनमा भएको परिवर्तन :
तत्कालिन महाप्रवन्धक श्री गोपाल घिमिरे ज्यूले महाप्रवन्धक पद बाट राजिनामा दिनु भएकोले उक्त पदमा बैंकिङ क्षेत्रका अनुभवी श्री राजकुमार श्रेष्ठलाई महाप्रवन्धक पदमा संचालक समितीको मिती २०६६/०४/१५ को निर्णय अनुसार नियुक्त गरीएको व्यहोरा यहाँहरूलाई चौंथो बार्षिक साधारण सभामा जानकारी गराइएको व्यहोरा स्मरण गराउंद छौं । श्री राजकुमार श्रेष्ठलाई महाप्रवन्धक पदमा रहि कार्य गरे बापत मिति २०६६/०५/२२ गते देखि मासिक कुल रू. १,२०,०००। (अक्षरेपी एक लाख बीस हजार मात्र) तलब, भत्ता उपलब्ध गराउंदै आएको यहांहरू लाई जानकारी गराउंदछु ।

धन्यबाद ज्ञापन

संस्थाको निरन्तर उन्नती तथा प्रगतिमा सहभागी निक्षेपकर्ता, ग्राहकवर्ग, सुभेच्छुक महानुभावहरू, सहयोगी शेयरधनीहरू तथा लगनशिल कर्मचारी वर्गका साथै नेपाल राट्र बैंक लगायत सम्वन्धित नियमन निकायहरू तथा अन्य सम्वन्धित सवैमा विगतमा प्राप्त भएको सहयोगका लागि आभार व्यक्त गर्दै भविष्यमा समेत निरन्तर रूपमा सहयोग तथा सुभेच्छा प्राप्त हुने अपेक्षा लिएका छौं ।

धन्यवाद ।

सिद्धिमान बस्न्यात
अध्यक्ष
मितिः २०६७/०९/२९